एकीकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि, २०७३

पृष्ठभूमि

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पत्तिको रुपमा बिधगा हेरिँदै आएको बर्तमान परिप्रेक्षमा नेपालमा हाल पशु सेवा विभाग अन्तर्गत केन्द्रिय पशु चिकित्सालय, पशु रोग अन्वेषण प्रयोगशाला, जिल्ला पशु सेवा कार्यालय तथा ती अन्तरगतका पशु सेवा केन्द्र "क" र "ख" मार्फत पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ । देशको भौगोलिक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र व्यावसायिक पशुपालनको बृद्धि सँगै पशु स्वास्थ्य सेवा तर्फ विशेषज्ञ सेवाको माग बढ्दै गएको बर्तमान सन्दर्भमा कतिपय जिल्लाहरुमा यथेष्ठ संख्यामा विशेषज्ञहरुको उपलब्धता सहज नभएको यथार्थतालाई दृष्टिगत गरी यस कार्यक्रम मार्फत पशु पालनको पकेट क्षेत्रमै सबै क्षेत्रका विशेषज्ञहरुको उपस्थितिमा एकीकृत पशु स्वास्थ्य शिविर संचालन गर्ने अभिप्रायले नेपाल सरकारको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी र पारदर्शीरुपमा संचालन गर्न एकीकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि, २०७३ नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम एकीकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि, २०७३ रहेको छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

२. "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।

३. "निर्देशनालय" भन्नाले पशु स्वास्थ्य निर्देशनालय सम्झनु पर्नेछ।

४. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ।

५. "कार्यविधि" भन्नाले " एकीकृत पशु स्वास्थ्य शिविर संचालन कार्यविधि, २०७३ " सम्झनु पर्नेछ।

३. उद्धेश्य : यो कार्यविधि को उद्धेश्य देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकारको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

ख) व्यबसायिक पशु पालनको पकेट क्षेत्रमै कृषक उधमीहरुलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवा आदि) पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउँने ।

ग) जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्रको पहुँच भन्दा टाढा रहेको कुनै पनि सम्भाव्य स्थानमा कृषक/उधमीहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउँन प्राथमिकता दिने ।

घ) पशु पन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुर्याउँने ।

ङ) पशुस्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

परिच्छेद २

४. कार्यक्रम संचालन प्रकृया:

४.१ एकीकृत पशु स्वास्थ्य शिविर संचालन गर्नुपूर्व निर्देशनालयले सम्बन्धित जिल्ला पशु सेवा कार्यालय र क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालासँग समन्वय गरी तहाँको आवश्यकता अनुसार शिविर संचालन गर्न स्थान छनौट गर्नेछ ।

४.२ कार्यालयले आफ्नो जिल्लाको आवश्यकता अनुसार (त्यस क्षेत्रका समूह, समितिको माग एवं सेवाको पहुँच तथा अपरिहार्यता) शिविर संचालनको लागि स्थान तोकी निर्देशनालयलाई जानकारी गराउँनेछ ।

४.३ कार्यालयसँगको समन्वयमा निर्देशनालयले शिविर संचालन गर्ने मिति तोक्नेछ र सोको जानकारी सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय र क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई गराउँनेछ ।

४.४ जिल्ला पशु सेवा कार्यालयले शिविर संचालनको मिति र स्थान सम्बन्धित सेवा केन्द्र र आवश्यकता अनुसार त्यस स्थानका समूह तथा सहकारीलाई जानकारी गराउँनेछ ।

४.५ निर्देशनालयले कार्यालयको समन्वयमा कार्यक्रम संचालन हुन १ हप्ता अगावै स्थानीय संचार माध्यम, रेडियो, पोष्टर, पम्फलेट आदिको माध्यमबाट प्रचार प्रसार गर्नेछ ।

४.६ निर्देशनालयले केन्द्रबाट जाने विशेषज्ञ टोली सहित शिविरका लागि आवश्यक पर्ने औषधी, भ्याक्सिन तथा अन्य सामग्रीहरुको व्यबस्थापन गर्नेछ ।

४.७ विशेषज्ञ टोलीमा शिविर संचालन हुने जिल्लाको आवश्यकता अनुसार कार्यालय, केन्द्रीय पशु चिकित्सालय, भेटेरिनरी प्रयोगशाला, भेटेरिनरी शिक्षण संस्थान, पशु स्वास्थ्य अनुसन्धान र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सा क्षेत्रका विज्ञहरु हुनेछन् ।

४.८ एउटा शिविरमा साना र ठूला गरी कम्तीमा १०० पशुलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउँनु पर्नेछ ।

परिच्छेद ३

५. आर्थिक कार्यविधि

५.१ शिविर संचालनको लागि आवश्यक सम्पूर्ण कृयाकलापहरु १ लाख रुपैया सम्ममा सम्पन्न गर्नुपर्नेछ । जसअनुरुप तपशील बमोजिमका रहनेछन् ।

| क्र.सं. | कृयाकलापहरु | लागत (रु) |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्बन्धि प्रचार प्रसार<br>क) मेडिया (छाँया, श्रव्य, श्रव्यदृष्य)<br>ख) तुल/ब्यानर | <br>७,०००/<br>३,०००/- |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यबस्थापन | ८०,०००/- |
| ३ | चियापान खर्च (औपचारिक कार्यक्रम समेत) | ५,०००/- |
| ४ | अस्थायी ट्रेभिज निर्माण तथा अन्य लजिस्टिक व्यवस्थापन | ५,०००/- |

५.२ एकीकृत पशु स्वास्थ्य शिविरका लागि केन्द्रबाट जाने कर्मचारी तथा आवश्यकता अनुसार विज्ञहरुको दैनिक तथा भ्रमण भत्ताको व्यबस्थापन प्रचलित आर्थिक नियमानुसार निर्देशनालयले गर्नेछ ।

५.३ जिल्ला पशु सेवा कार्यालय तथा सम्बन्धित सेवा केन्द्रबाट खटिएका अधिकृत तथा प्राविधिक कर्मचारीहरुको दैनिक र भ्रमण भत्ताको व्यवस्था नियमानुसार सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले गर्नुपर्नेछ ।

## परिच्छेद ४

६. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा ,लेखाकंन,लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन , २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४सार्वजनिक खरिद ऐन ,, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

८. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।